ओमसतिया गाँउपालिका

Omsatiya Rural Municipality

# गाँउ कार्यपालिकाको कार्यालय, हाटीफर्साटिकर,रुपन्देही

Office of Rural Municipal Executive, Hatiphaarsatikar, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

पत्र संख्या:०७८/७९

चलानी नः ३४६

मितिः२०७८/०९/१३

---

**श्री सहकारी संस्था सबै,**
**ओमसतिया गाँउपालिका, रुपन्देही ।**

**विषय:भर्चुअल तालिम कार्यक्रममा सहभागिता सम्वन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको मिति २०७८।०८।२० को च नं १९०।०७८।०७९ को पत्रानुसार **सहकारीमा नेतृत्व रुपान्तरण तथा सहकारीमा कर व्यबस्थापन** सम्बन्धि भर्चुअल तालिममा सहभागि हुन इच्छुक सहकारी संस्थाले सहभागिता जनाउनुहुन अनुरोध छ। अन्य आबश्यक जानकारीको लागि राष्ट्रिय सहकारी महासंघ लि. नेपालको पत्र यसै पत्रसाथ संलग्न गरि पठाइएको व्यहोरा जानकारिको लागि अनुरोध छ ।

२०७८/०९/१३

**अमृता पाण्डेय**
**अधिकृत(छैठौं)**

अमृता पाण्डेय
अधिकृत छैठौं

सं.बि.दर्ता नं: ३७/०४९/०५०

# NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

COOP

च.नं. १६०/०७८/०६९

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु

मिति : २०७८/०८/२०

श्री सम्पूर्ण स्थानिय तह, सहकारी शाखा

**विषय: भर्चुअल तालिम कार्यक्रमहरुमा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र विस्तारका लागि शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा विदितै छ ।

यसै अनुरुप कोभिड महामारीको तेस्रो भेरियण्ट नेपालमा समेत देखिएको सन्दर्भमा उक्त महामारीको जोखिम कायमै रहेकोले भर्चुअल माध्यमबाट तालिम कार्यकमहरु संचालन गर्न उपयुक्त हुने हुँदा ।

निम्न मिति,समय र स्थानमा अनुभवी विषयविज्ञद्वारा सहजीकरण हुने गरी **भर्चुअल रुपमा तालिम कार्यकमहरु** संचालन हुन गइरहेकोले त्यस सघं/संस्थावाट उपयुक्त सहभागि छनौट गरी सहभागीता गराई दिनुहुनका लागि हार्दिक अनुरोध छ ।

| क.स | तालिमको शीर्षक | संचालन मिति | समय | प्रति सहभागी शुल्क | लक्षित समुह |
|---|---|---|---|---|---|
| १. | सहकारीमा नेतृत्व रुपान्तरण तालिम | २०७८ पौष १४ देखि १६ गतेसम्म (३ दिन) | १०:३०-२:१५ | रु ३०००/ (कर बाहेक) | सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति र प्रमुख कार्यकारी अधिकृत/ व्यवस्थापन प्रमुख |
| २. | सहकारीमा कर व्यवस्था | २०७८ पौष २२ गते (१दिन | १०:३०-२:१५ | रु १०००/ (कर बाहेक) | सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति, प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापन प्रमुख र लेखाका कर्मचारी |

**पुनश्च:**

- पहिलो रजिष्ट्रेशन गर्नेलाई पहिलो प्राथमिकता दिईने छ ।
- रजिष्ट्रेशन शुल्क बापतको रकम राष्ट्रिय सहकारी महासंघमा नगदै वा महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैक बानेश्वर शाखाको खाता नं. १३०००१४ र राष्ट्रिय बाणिज्य बैंक पुल्चोक शाखाको खाता नं. ११४०१००००२४०१००१ मा जम्मा गरी बैंक भौचर र सहभागिको रजिष्ट्रशन फारम इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने छ ।
- रजिष्ट्रशन फारम www.ncfnepal.com.np वाट Downlod गर्न सक्नु हुनेछ ।

**बिस्तृत जानकारीका लागि**

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पुल्चोक, ललितपुर

फोन नं.: ०१-५०१०११६, ९८६०९८००२२, ९८५१३६६०३८

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन, !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)

महाप्रबन्धक

दर्ता नं:- 9309

मिति: ०७८।९।१२